## शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना

प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **प्रदेश आपत्कालिन उद्धार कार्यक्रमको व्यवस्था (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)** रहेको छ । लैङ्गिक हिंसा तथा जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार,राहत तथा पुनर्स्थापना आदि कार्यका लागि औचित्यताका आधारमा देहाय बमोजिम रकम उपलब्ध गराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सीमा र आधारहरुः

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहात तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम,

(ख) पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यावसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार बीउ पूँजि अनुदानको रुपमा,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँकोदरले बढीमा पाँच हजार रुपैयाँ,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैया गरी लागेको यथार्थ खर्च,

(च) पुनर्स्थापनाको लागि बढीमा सात हजार रुपैयाँ,

(छ) कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(ज) पीडितसँग कुनै बालबच्चा भए बालबच्चाको लागि पीडित सरहको खाना खर्च रकम ।

(झ) माथि उल्लेखित रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गर्न सक्नेछ।

२०७८-१२-२

उप-सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल